**२०७६ साल माघ ९ गते बिहीबार दिनको ३:०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश विकास समिति सम्बन्धी विधेयकको मस्यौदा गर्ने सैद्धान्तिक सहमति दिने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७५ को संशोधनमा देहाय बमोजिम गर्ने।

(क) प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा (१) को खण्ड (ग) को सदस्य पदमा सामाजिक विकास मन्त्रालयका प्रदेश सचिव श्री डिल्लिराम शर्मालाई तोक्ने।

(ख) सोही कार्यविधिको परिच्छेद ३ को दफा (१) को खण्ड (घ) अनुसारको सदस्यमा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीबाट सेवा निवृत कर्मचारी पोखरा म.न.पा. २२ पुम्दीभुम्दी बस्ने नरहरी वराललाई सदस्य तोक्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश सरकारको दुई वर्ष पूरा भएको अवसरमा आयोजना गरिने कार्यक्रमको लागि देहाय वमोजिमको कार्यदल गठन गर्नेः

| | | |
|---|---|---|
| १. | माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ | -संयोजक |
| २. | माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमान | -सदस्य |
| ३. | माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेत | -सदस्य |
| ४. | प्रमुख सचिव, गण्डकी प्रदेश सरकार | -सदस्य |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश सरकारका सबै मन्त्रालयका प्रदेश सचिवहरु | -सदस्य |

४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र र पञ्चासे संरक्षित वनको व्यवस्थापनका लागि नेपाल सरकारमा अनुरोध गर्ने।

५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको यस प्रदेशको राजधानी सुन्दर पर्यटकीय नगरी पोखरास्थित नेपाल ट्रष्ट मातहतको रत्नमन्दिर र हिमागृह यस प्रदेशको पर्यटन प्रवर्धन गर्ने प्रयोजनार्थ प्रदेश सरबारबाट उचित मर्मत संभार, संरक्षण र व्यवस्थापन गर्ने गरी नेपाल भ्रमण वर्ष २०२० देखि आन्तरिक तथा बाह्य पर्यटकहरुले अवलोकन गर्न पाउने गरी खुला गर्ने स्वीकृतिका लागि नेपाल सरकारमा अनुरोध गर्ने।

६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको औद्योगिक ग्रामको पूर्वाधार विकासमा रकम हस्तान्तरण गर्ने विषयलाई स्वीकृति दिने।

७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रदेश दुग्ध विकास बोर्डले प्रदेश सरकारको नाउँमा शेयर खरीद गर्ने।

८. तामाङ समुदायको महत्वपूर्ण पर्व २८५६ औं सोनाम ल्होछार पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका दिदीबहिनी दाजुभाईहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य, आपसी सद्भाव, एकता, भातृत्व एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्ने, उक्त पर्वको अवसरमा सार्वजनिक विदा दिने र यस वर्ष उक्त पर्व सम्वत् मिति २०७६ साल माघ ११ गते शनिबार विदाको दिन परेकोले सार्वजनिक विदा भनिरहन नपर्ने।